# महेश्वर सामुदायिक वन उपभोक्ता समुह

क.न.पा-१३, सिन्धुली

गोलिया काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

(प्रथम पटक प्रकाशि मिति २०८२।०९।०२)

यस समुहको स्वीकृत वन कार्ययोजना अनुसार यस समुहको सामुदायिक वन क्षेत्रबाट आ.व.२०८२/०८३ मा संकलन हुन आएका निम्न जातको काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम मूल्यांकन दरमा नघटाई सिलबन्दी बोलपत्र द्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । मु.अ. करमा दर्ता भएको स्थानीय लेखा नं. प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएको काठको कारोबार गर्ने उद्देश्य राखी दर्ता भएका उद्योगले यो सुचना सोर्य दैनिक पत्रिकामा मिति २०८२।०९।०२ मा प्रथम पटक प्रशाशित भएको मितिले २१ (एकाईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पुऱ्याई बोलपत्र दाखिला गर्न हुन सम्वन्धीत सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**१.लिलाम हुने वन पैदावारको विवरण**

| क्र.सं | लट नं. | जात | ग्रेड | थान | क्यु.फि. | प्रति क्यु.फि. दर | न्यूनतम मुल्य | जम्मा न्यूनतम मुल्य | जम्मा थान | जम्मा क्यु.फि. | घाटगद्धी स्यान | क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | असना | A | १७ | २७३.०८ | ४०० | १०९२३२ | २७९५१६ | ७५ | ९०५.१५ | | |
| | | असना | B | ३२ | ४३८.७० | ३०० | १३१६१० | | | | | |
| | | असना | C | २६ | १९३.३७ | २०० | ३८६७४ | | | | | |
| | | जम्मा | | ७५ | ९०५.१५ | | २७९५१६ | | | | | |
| २ | २ | साल | A | १० | १५२.४४ | १२५० | १९०५५० | ६८३०६६ | ६४ | ७७५.८१ | | |
| | | साल | B | २८ | ४०७.०८ | ९०० | ३६६३७२ | | | | | |
| | | साल | C | २४ | २०४.२४ | ६०० | १२२५४४ | | | | | |
| | | साल | D | २ | १२ | ३०० | ३६०० | | | | | |
| | | जम्मा | | ६४ | ७७५.८१ | | ६८३०६६ | | | | | |
| ३ | ३ | साल | A | ८ | १४१.१२ | १२५० | १७६४०० | ६३६९६९ | ५९ | ७२१.०७ | | |
| | | साल | B | २६ | ३७८.५७ | ९०० | ३४०७१३ | | | | | |
| | | साल | C | २४ | १९८.१४ | ६०० | ११८८८४ | | | | | |
| | | साल | D | १ | ३.२४ | ३०० | ९७२ | | | | | |
| | | जम्मा | | ५९ | ७२१.०७ | | ६३६९६९ | | | | | |
| ४ | ४ | साल असना मिश्रीत दाउरा १.०० चट्टा | | | | ८००० | ८०००/- | | | | | |

२. बोलपत्र फारम रु १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस सामुदायिक उपभोक्ता समुह, डिभिजन वन कार्यालय सिन्धुली बाट मिति २०८२।०९।०२ गते देखि २०८२।०९।२२ गते सम्म खरिद गर्न सकिनेछ ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय २०८२।०९।२३ गते दिनको १२ बजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ ।

४. वोलपत्र साथ कबुल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी बापत यस समुहको रा.वा.बैक सिन्धुलीमा रहेको वचत/चल्ती हि.नं.१०६०१०८०१४११६०१०मा जम्मा गरेको सक्कलै बैक भौचर वा यस समुहले रा.वा. वैक सिन्धुलीवाट भुक्तानी पाउने गरी यस समुहको नाममा खिचिएको ड्राफ्ट समावेश राखी पेश गर्नुपर्नेछ । बैक ग्यारेन्टीलाई मान्यता दिइने छैन ।

अध्यक्ष

डिभिजन वन कार्यालय सिन्धुलीबाट विक्री तथा दाखिला भएका बोलपत्रहरु बिक्री गर्ने डिभिजन वन कार्यालय सिन्धुलीबाट अन्तिम मितिको भोलिपल्ट यस समुहबाट संकलन गरी सोको दिन १२ बजे यस समुहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार माथि उल्लेखित घाटगद्धी भएको स्थानमा गई हेर्न सकिनेछ ।

७. मु.अ. करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा नियमावली २०५९ को नियम १२८ बमोजिम डिभिजन डिभिजन वन कार्यालयमा सुचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका स:मिल उद्योगले मात्र बोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. रीत पुर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु यस समुहको कार्यालयमा सम्वन्धित सव डिभिजन वन कार्यालयका प्रतिनिधि र वोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरी पेश गर्नु पर्नेछ । केरमेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ ।

११. बोलपत्र दाताले बोलपत्र सिलन्दी गरेको खाममा बाँया तर्फ नाम, ठेगाना लेखी फर्मको छाप समेत लगाई खामको दायाँ तर्फ अध्यक्षलाई सम्वोधन गरी लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नागी रित नपुऱ्याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका बाट आएको बोलपत्र उपर कारवाही गरिने छैन ।

१३. वोलपत्र दाखिला र खोलिने दिन विदा पर्न गएमा सो कार्य सोको भोलिपल्ट वा समुहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४. लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मुल्य अभिवृद्धि कर, संङ्कलन खर्च समेत वुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्वन्धीत लटको धरौटी जफत गरिने छ ।

१५. वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस समुहमा सुरक्षित रहने छ ।

१६. काठ सङ्कलन घाटगद्धी तथा ढुवानी खर्च वापतको प्रति क्यु.फि. ३०५।- र दाउरा प्रति चट्टा रु ८०००।- का दरले छुट्टै जम्मा गर्नु पर्ने छ ।

१७. विस्तृत जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।